# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।१९ गते ।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

जिल्ला सुर्खेत, चौकुने गाउँपालिका, वडा नं. ५ स्थित मालिका सामुदायिक वन उपभोक्ता समितिको रकम समितिको निर्णय बिना खर्च गरेको तथा बिना बिल भरपाई खर्च गरेको देखाई हिनामिना गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला सुर्खेत, चौकुने गाउँपालिका वडा नं. ०५ स्थित मालिका सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष अमर बहादुर दानी, कोषाध्यक्ष सावित्रा अधिकारी, सचिव तेजेन्द्र बहादुर वयक क्षेत्री तथा सदस्य हरि प्रसाद अधिकारी समेतको आपसी मिलेमतोमा गैरकानुनी लाभ एवं स्वार्थका लागि आ.ब. २०७०/०७१ देखि २०७५/०७६ सम्मको लेखापरीक्षण प्रतिवेदन आम्दानी र खर्चको बिबरणबाट कार्ययोजना नबनाई उपभोक्ता समितिको निर्णय बिना, बिल नहुँदा समेत सडक निर्माण कार्यमा खर्च गरेको भनी नक्कली कागजात राखी भुक्तानी गरेको देखाएको, लेखापरीक्षण नै नभएको अवस्थामा लेखापरीक्षण शुल्क भुक्तानी गरिएको भनी खर्चका नक्कली कागजात राखेको, काठ बिक्रीबाट प्राप्त रकम समितिको खातामा दाखिला नगरेको र नर्सरी व्यवस्थापनका नाममा भएको खर्चको कुनै कागज प्रमाण मिसिल संलग्न नगरी नगराई बिना बिल/भरपाई जम्मा रू.५,१७,५००/-(पाँच लाख सत्र हजार पाँच सय रूपैयाँ) खर्च गरेको देखाएको, वन समूहका पदाधिकारी प्रतिवादी भएको वन मुद्दा सम्बन्धी कार्यमा अधिवक्तालाई समितिको खाताबाट रू.३,००,०००/- (तीन लाख रूपैयाँ) भुक्तानी गरेको देखाई कोषको रकम हिनामिना दुरुपयोग गरेको, उपभोक्ता समूहको सार्वजनिक सम्पत्ति कोषको रकम मुद्दा तथा साक्षी खर्चका नाममा रू.२,८५,०००/- (दुई लाख पचासी हजार रूपैयाँ) खर्च गरेको, वन समूहका अध्यक्षले वीरेन्द्रनगर बसाइँका नाममा निजी स्वार्थ पूरा गर्ने क्रममा रू.४१,१६२/-(एकचालीस हजार एक सय बासठ्ठी रूपैयाँ) जानी बुझी लिएको देखिएको, व्यक्तिगत जरिवाना तिर्न समितिको रकम रू.५१,४८५/— (एकाउन्न हजार चार सय पचासी रूपैयाँ) प्रयोग गरिएको तथा स्टिल दराज, मसलन्द र खाना/नास्ता लगायतका सामग्री खरिद भुक्तानी गर्दा कानुन सम्मत तवरले बिल प्रमाण संलग्न नगरी रू.२३,३६५/-(तेइस हजार तीन सय पैसट्ठी) भुक्तानी खर्च गरे गराएको देखाई नक्कली कागजात तयार गरी गराई खर्च गरेको देखिएकोले प्रतिवादीहरूले एक आपसको मिलेमतोमा बदनियत राखी सार्वजनिक संस्था मालिका सामुदायिक वन उपभोक्ता संस्थाको सम्पत्ति हिनामिना, हानिनोक्सानी एवं दुरूपयोग गरी निजी प्रयोगमा लगाई जम्मा बिगो रकम रू.१२,१८,५१२/-(बाह्र लाख अठार हजार पाँच सय बाह्र रूपैयाँ) नासे मासेको देखिंदा देहायबमोजिमका प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला सुर्खेत, चौकुने गाउँपालिका वडा नं. ०५ | रू.१२,१८,५१२/— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. बाह्र लाख अठार हजार पाँच सय बाह्र |

| | | | |
|---|---|---|---|
| | स्थित मालिका वन उपभोक्ता समितिका अध्यक्ष **अमर बहादुर दानी**, कोषाध्यक्ष **सावित्रा अधिकारी,** सचिव **तेजेन्द्र बहादुर वयक क्षेत्री** | | रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेतको मागदाबी लिइएको छ। |
| २. | जिल्ला सुर्खेत, चौकुने गाउँपालिका वडा नं. ५, सामुदायिक वन उपभोक्ता समूहका सदस्य **हरि प्रसाद अधिकारी** | रू.२,८५,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई लाख पचासी हजार रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेतको मागदाबी लिइएको छ। |
| ३. | दर्तावाल लेखापरीक्षक **ज्ञानेन्द्र बहादुर के.सी.** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिम कैद तथा जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने